राजधानी दैनिक
२०७५।८।२६

नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
१ नं प्रदेश नेपाल

# सिलवन्दी वोलपत्र आवहान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित २०७५/०८/२७

चालु आ.व. २०७५/०७६ मा यस पथरी शनिश्चरे नगरपालिकाको कार्यालयको तपसिल अनुसार निर्माण कार्यहरु ठेक्कापट्टावाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायी फर्म/कम्पनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी वोलपत्र आवहान गरिएको छ।

१ वोलपत्र खरिद गर्दा तथा पेश गर्दा वोलपत्रदाताले ग्राहयता(इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने देहाएका कागजात पेश गर्नु पर्नेछ।
   क) निर्माण व्यवसायी इजाजत फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी
   ख) मु.अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपी
   ग) आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
   घ) वोलपत्रदाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भए लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रती

२. यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म वोलपत्र फारम यस कार्यालयमा सम्वन्धित फर्म /कम्पनी वा निजको वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको इजाजतपत्र नविकरण फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपी, मूल्यअभिवृद्धी करमा दर्ताको प्रमाणित पत्र,स्थायी लेखा नम्बर, आ. व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणित पत्र संलग्न राखि निवेदन पेश गरी तोकिएको दस्तुर (पछी फिर्ता नहुनेगरी) तिरे पछी नियमानुसार वोलपत्र फारम यस कार्यालयवाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएको वोलपत्र फारमको महलहरु स्पष्टरुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा उपस्थित भै वोलपत्र दर्ता गराउन सकिनेछ।

४. वोलपत्र फारमको साथ जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक पथरी शाखामा रहेको हि नं २५६०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिनको म्याद भएको (वोलपत्र बुझाउने अन्तिम मिति देखि)नेपाल राष्ट्र बैंकवाट क वर्गको मान्यता प्राप्त बैंकवाट जारी भएको विडवण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर,वा विडवण्ड यो सूचना प्रकाशित भएको मितिले पछिकोलाई मान्यता दिइनेछ।

५. दर्ता हुन आएका शिलवन्दी वोलपत्र फारमहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिन २ वजे खोलिनेछ तर निजहरुको अनुपस्थितीमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन्। फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरनेछैन। वोलपत्रमा प्रत्येक आइटम दररेट भ्याट बाहेक अंक र अक्षरमा बुझिनेगरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. वोलपत्र सम्वन्धी अन्यशर्तहरु वोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।

८. वोलपत्र सम्वन्धी सूचना शंसोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँसिनेछ साथै यस कार्यालयको पेजमा प्रकाशन गरिनेछ

९. वोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धिकर बाहेकको मूल्य उल्लेख गर्नु पर्नेछ।

१०. अन्य कार्य विधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४,सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित सहित)र प्रचलित ऐन, नियम अनुसार हुनेछ।

११. वोलपत्र सम्वन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | वोलपत्र फारम दसतुर | जमानत रकम |
|---|---|---|---|---|
| १०/२०७५-०७६ | वडा नं १० र २ जोडने सडकको अरुणदयो वोर्डिङ पुर्व पथरी खोलामा पक्की पुल निर्माण | ३३,८०,४८७।७७ तेतीस लाख असी हजार चार सय सतासी रुपैयाँ सतहत्तर पैसा | रु ३,०००।- | ८५,०००।- पचासी हजार |
| ११/२०७५-०७६ | दोहोलु डाँस बक्राहा सडकको केर्खा खोलामा पक्की पुल निर्माण | ३४,५०,७५२।७५ चौतीस लाख पचास हजार सात सय वाउन्न रुपैयाँ पचहत्तर पैसा | रु ३,०००।- | ८७,०००।- सतासी हजार |
| १२/२०७५-०७६ | मैनबाडी कोठेवारी सडकको पथरी खोलामा पक्की पुल निर्माण | ३४,५०,७५२।७५ चौतीस लाख पचास हजार सात सय वाउन्न रुपैयाँ पचहत्तर पैसा | रु ३,०००।- | ८७,०००।- सतासी हजार |

प्रमुख प्रशासकीय अधिकृत